निर्णयहरु :

१. अघिल्लो वैठकमा भएका निर्णयहरु र सो सम्वन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । वैठकका निर्णयहरु कार्यान्वयन सन्तोषजनक रहेको पाइयो ।

२. यस नगरपालिकाको वडा न ६ को सेलेघाट सिल्लीवजार भन्दा माथिको सार्वजनिक जग्गामा फोहोर प्रशोधन केन्द्र ( ल्याण्डफिल्ड साइट) निर्माण गर्ने स्थानीय नागरिकहरुसँग विभिन्न चरणमा छलफल गरी स्थान तय भई DPR समेत निर्माण भई सकेको छ । उक्त स्थानमा DPR अनुसार निर्माण कार्य अगाडि वढाउनु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गराउनु पर्ने कानूनी व्यवस्था वमोजिम परामर्शदातावाट अध्ययन भई यस पालिकामा पेस भएको वातावरणीय परीक्षणको प्रतिवेदन वातावरण विज्ञवाट यस कार्यपालिकाको वैठकमा प्रस्तुत भई विषयवस्तुको वारेमा जानकारी प्राप्त भयो । तत् विषयमा वातावरणीय अध्ययन तथा वातावरणीय परीक्षण कार्यविधि २०७८ को दफा ७ उपदफा ४ वमोजिम स्कीकृत गर्ने र उक्त निर्माण कार्य अघि वढाउन कार्यालयलाई निर्देशन दिने ।

३. अघिल्लो कार्यपालिका वैठकमा पेस भएका विपद पूर्व तयारी तथा प्रति कार्य योजना २०८१, बाल वस्तुगत स्थिति पत्र २०८१ र बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा पश्चातको दिगोपनाको लागि रणनीतिक योजना २०८१ परिमार्जन सहित स्वीकृत गर्ने ।

४. नगरपालिकाका आय ठेक्काहरु व्यवस्थित वनाउन निर्मित आय ठेक्का वन्दोवस्ती कार्यविधि २०८१ थप अध्ययन गरी आगमी वैठकमा छलफल गर्ने ।

५. यस पालिका भित्र अवस्थित वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा ईन्टरनेटको पहूँच सुनिश्चित गरी अनलाइन सेवालाई भरपर्दो र विश्वनीय वनाई सेवा प्रवाहलाई नागरिकमैत्री वनाउन नेपाल दुरसञ्चार प्राधिकरणको आर्थिक सहयोगमा फाइवर सहितको Arrow Net व्यवस्थापन भएकोमा उक्त संस्थासँग भएको सम्झौता वमोजिम अवधि समाप्त भएकोले पुन उक्त संस्थासँग आवश्कतानुसार क्षमता अभिवृदि गरी नवीकरण गर्ने ।

६. चालु आ व २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त सशर्त वजेटको परिधिभित्र रही वडा कार्यालयवाट सिफारिस भई आएका देहायाका आयोजनाहरु सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने ।

| वडा नं | आयोजनाको नाम | सूचीकृत बेरोजगार संख्या | वजेट |
|---|---|---|---|
| २ | डिही सिखरकटेरि भुजेलटोल कठजोर सडक स्तरोन्नती | ६३ | २७७०००/- |
| ३ | ठुलिमदौ राताटार कालिका आ.वि. जाने सडक सोलिङ | ६५ | २७७०००/- |
| ४ | नवनिर्मित वडा कार्यालय भवन जाने सडक स्तरोन्नती | ७७ | २९७०००/- |
| ५ | कार्की कुल मन्दिर ठुला पोखरी सल्लेनी बन गोरेटो बाटो सिडी निर्माण। | ५० | २६१०००/- |
| ६ | सिउरीवारी हुँदै करमबोट देखि डाँडाखर्क सम्म जाने गोरेटोबाटो निर्माण योजना। | ३१ | २३००००/- |
| ७ | कौछिनी खोला बतासे हुँदै आँप पानी चौतारी बाटो मर्मत। | ५१ | २६१०००/- |
| ८ | साविक विभिन्न वडाको सडक स्तरोन्नती (घैयावारी, खहरे खोला, धारपानी, आँपखोला, खत्रीटोल) | ९६ | २९७०००/- |
| ९ | बाटोघर समिबोट हुँदै सल्लेनी बरबोट चौरसम्म सोलिङ कार्य | ४१ | २४७०००/- |
| १० | माहादेवटार ढले पिपलबोट सरस्वती मा.वि. बोहोरागाउँ पोखरीडाँडा सडक स्तरोन्नती | ५० | २६१०००/- |
| ११ | साँवडाँडा पेटासी तामाकोशी वालविकास केन्द्र गोरेटोबाटो मर्मत | ४६ | २६१०००/- |
| १२ | मुखियाटोल कोलचौरी गोरेटो बाटो सुधार तथा खोलाखर्क साउनेपानी मुल सडक मर्मत सुधार | ४३ | २४७०००/- |
| १३ | फुलासी जिरोकिलो देखी फुलासी हरिसिद्धिसम्म नाला सरसफाई | ४८ | २६१०००/- |
| १४ | साविक ६ नं. वडाको मगर टोलमा सडक स्तरोन्नती | ४५ | २४७०००/- |
| | **जम्मा** | **७१८** | **३४२४०००/** |

**७. चालु आ व २०८१/०८२ का लागि प्रदेश विशेष अनुदान कार्यक्रम अन्तर्गत तामाकोशी जोरे आँप सिचाई आयोजना तांमाकोशी नदीवाट लिफ्ट प्रणाली मार्फत जोर आँप क्षेत्रसम्मका खेती योग्य जमिनमा सिचाँईको प्रवन्ध मिलाउन आवश्यक प्रक्रिया पुरा गरी कार्यक्रम सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने र उक्त आयोजना सम्पन्न गर्न नपुग वजेटको व्यवस्थापन आगमी आ व मा कार्यपालिका/नगरसभावाट सुनिश्चित गर्ने ।**

८. चालु आ व २०८१/०८२ संघीय समपूरक मार्फत वडा कार्यालय भवन निर्माण कार्यक्रम अन्तर्गत जग्गा प्राप्ति भई सकेको वडा न ९ को वडा कार्यालय भवन निर्माण कार्य अघि वढाउन कार्यालयलाई निर्देशन दिने ।

९. वनमा डडेलो लागि आगलागी हुने घटनाहरु दिनानुदिन वढी रहेको सन्दर्भमा वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई आगलागी नियन्त्रण न्यूनीकरण सम्वन्धी अभिमुखीकृत गर्न रु २,००,०००/ (दुई लाख) वन वातावरण कार्यक्रमवाट खर्च गर्ने ।

१०. नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मन्थलीमा Blood Bank स्थापना भई मन्थलीवासी नागरिकहरुलाई सहयोग गर्दै आएको छ । उक्त Blood Bank व्यवस्थापनको मिति २०८१/१२/०७ को पत्रसाथ पेश भएको सन्दर्भमा रु २,००,००० (दुई लाख) वजेट उपलव्ध गराउने ।

११. नेपाल माझी उत्थान संघका अध्यक्ष श्री सिरवहादुर माझीले मिति २०८१/१२/१० गते माझी उत्थान संघको वागमती प्रदेश अधिवेशनको लागि पेश भएको प्रस्तावनाको सन्दर्भमा रु १५००००/( एक लाख पचास हजार) वजेट उपलव्ध गराउने ।

१२. यस पालिकाको वडा न १ स्थित वसपार्क क्षेत्र भित्र ढल तथा नाला निर्माण कार्य अन्तर्गत जिल्ला निर्वाचन कार्यालय रामेछाप देखि नागकन्या मा वि गडवारीको वीचमा कित्ता न २४१ र २४८ को जग्गाधनी दिलिपकुमार दियालीको पुरानो घर टहरा हटाई निर्माण स्थल खाली गर्नु पर्ने भएकोले निजलाई घर टहराको क्षतीपूर्ति नियमानुसार रु २,५०,००० ( दुई लाख पचास हजार) उपलव्ध गराउने ।

१३. यस पालिकाको वडा न १ मा अवस्थित मुख्य वजार क्षेत्रमा रहेको ढल व्यवस्थापन सम्वन्धी कार्य व्यवस्थित नहुँदा यत्रतत्र जाम भएको र गर्मीयाममा डेंगु लगायतका रोगहरु फैली मानव स्वास्थ्यमा समेत गम्भिर असर पुग्ने अवस्था रहेकोले वजारक्षेत्रको ढल व्यवस्थापन व्यवस्थित एवं प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन संघीय खानेपानी तथा ढल सरसफाई आयोजना रामेछापलाई अनुरोध गर्ने ।

१४. खाँडादेवी गाँउपालिकामा अवस्थित प्रसिद्ध खाँडादेवी मन्दिरमा खानेपानीको प्रवन्ध मिलाउन खानेपानी पम्प खरिदका लागि रु ३,५०,००० (तीन लाख पचास हजार) उपलव्ध गराउने ।

२०८१/१२/१४

१५. मन्थली नगरपालिका वडा नं. १ मा रहेको मन्थली विमानस्थलबाट हाल सगरमाथा वेस क्याम्प प्रवेश गर्न आंशिक रुपमा मन्थली- लुक्ला हवाई सेवा सञ्चालन भईरहेकोले उक्त विमानस्थललाई गेट वे टु लुक्ला को रुपमा विकास गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने ।

२०८१।१२।१५